"कृषि, पर्यटन र व्यापार; समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१

०११-४०४०६८

पत्र संख्याः २०८२/०८३

चलानी नं.:

मितिः २०८२/१०/०८

ने.सं.: ११४६ सिल्लाथ्व

सूचना! सूचना!! सूचना!!!

**विषयः-सहकारी संस्थाहरूलाई छलफलमा उपस्थित हुने सम्बन्धमा**

यस नमोबुद्ध नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरूको सहकारी ऐन २०७४ सहकारी नियमावली, सम्बन्धित विनियम, तथा नेपाल सरकारद्वारा जारी प्रचलित निर्देशिका एवं मापदण्डहरू को पालना अवस्था साथै वित्तीय प्रशासनिक तथा संस्थागत सुशासनको अवस्था मूल्याङ्कन गर्ने उद्देश्यले हालै सम्पन्न गरिएको नियमित तथा विशेष अनुगमन का क्रममा देखिएका अवस्थाहरू कमजोरीहरू तथा जोखिमपूर्ण पक्षहरूबारे समन्वयात्मक छलफल गरी आगामी सुधारात्मक कार्ययोजना तय गर्न देहाय बमोजिम छलफल कार्यक्रम आयोजना गरिने भएको हुँदा यस नगरपालिकाभित्र दर्ता भई सञ्चालनमा रहेका सबै सहकारी संस्थाहरूका अध्यक्ष वा सचिव तथा लेखा प्रमुख (अनिवार्य) ले तोकिएको मिति समय र स्थानमा अनिवार्य रूपमा उपस्थित भई सहभागिता जनाउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**कार्यक्रम विवरण**

- मितिः २०८२/१०/१३ गते मंगलवार समयः दिनको ठीक ११:०० बजे
- स्थानः नमोबुद्ध नगरपालिका, सभाहल
- विषयहरूः

  १. सहकारी संस्थाहरूको अनुगमन प्रतिवेदनमाथि छलफल, सहकारी संजाल गठन,

  २. देखिएका कमजोरी, जोखिम तथा सुधारात्मक उपायहरू,

  ३. आगामी कार्ययोजना तथा नगरपालिकाबाट लिइने नीति तथा कार्यक्रम,

सहकारी क्षेत्रलाई कानुनी, पारदर्शी, सुरक्षित तथा उत्तरदायी बनाउने उद्देश्यले यो कार्यक्रम अत्यन्त महत्वपूर्ण भएको हुँदा सम्बन्धित सबै सहकारी संस्थाहरूको अनिवार्य सहभागिता आवश्यक रहने व्यहोरा जानकारी गराइन्छ। तोकिएको समयमा उपस्थित नभएका सहकारी संस्थाहरूलाई अनुगमन प्रतिवेदनका आधारमा आवश्यक कानुनी तथा प्रशासनिक कारवाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

...............

(कृष्ण गिरी)

प्रमुख प्रशासकीय अधिकृत